# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुद्वारा प्रकाशित**

**खण्डः ८, संख्याः २, थुलुङ दुधकोशी गाउँपालिका, मितिः२०८१/०३/०९**

**भाग २**

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु

## सार्वजनिक सडकमा परेको निजी जग्गाको लगतकट्टा कार्यविधि, २०८१

पारित मितिः २०८१/०३/०९

प्रस्तावनाः सार्वजनिक सडकको निर्माण, विस्तार र स्तरउन्नतिको क्रममा सडकमा नीजि जग्गा स्वतस्फुर्त निःशुल्क रुपमा लगतकट्टा कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २१४ को उपधारा (५), स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ११ एवम् यस थुलुङ दुधकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाको मिति २०८१/०३/०९ को बैठकले यो सार्वजनिक सडकमा परेको निजी जग्गाको लगत कट्टा कार्यविधि, २०८१ स्वीकृत गरेको छ।

### परिच्छेद-१

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम "सार्वजनिक सडकमा परेको निजी जग्गाको लगतकट्टा कार्यविधि, २०८१" रहेको छ।

ख) यो थुलुङ दुधकोशी गाउँपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरेपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "सार्वजनिक सडक" भन्नाले नेपाल सरकारको स्वामित्वमा रहेको जग्गालाई सम्झनुपर्दछ।

ख) "नीजि जग्गा" भन्नाले व्यक्ति, संस्था, गुठी, कम्पनीको नाममा दर्ता रहेको जग्गालाई सम्झनुपर्दछ।

ग) "लगतकट्टा" भन्नाले व्यक्ति, संस्था, गुठी, कम्पनीको नाममा दर्ता रहेको निजी जग्गा नेपाल सरकारको नाममा लैजानुलाई बुझाउँछ।

घ) "निवेदन" भन्नाले लगतकट्टाको लागि दिने निवेदनलाई बुझाउँछ।

ङ) "सार्वजनिक आव्हान" भन्नाले गाउँपालिकाको सम्बन्धित वडा कार्यालय मार्फत निजी जग्गाको लगतकट्टाको लागि गरिएको आव्हानलाई सम्झनुपर्दछ।

च) "प्राविधिक कर्मचारी" भन्नाले जग्गा नापजाँचको निमित्त गाउँपालिकाले नियुक्त गरेको कर्मचारी (सर्वेक्षक, अमिन) लाई सम्झनुपर्दछ।

छ) "जग्गा दान" भन्नाले आफ्नो हकभोगमा रहेको निजी जग्गा सार्वजनिक सडकको लागि दान गर्नुलाई बुझाउँछ।

ज) "लगतकट्टा समिति" भन्नाले मालपोत नियमावली, २०३६ (५) (ग) अनुसार गठन भएको समितिलाई बुझिने छ।

झ) "गाउँपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई सम्झनुपर्दछ।

ञ) "वडाध्यक्ष" भन्नाले गाउँपालिकाको निर्वाचित वडाध्यक्षलाई सम्झनुपर्छ।

## परिच्छेद-२
## लगतकट्टा समितिको संरचना

**<u>३. गाउँस्तरिय लगतकट्टा समिति गठनः</u>** गाउँपालिकाको क्षेत्रभित्र रहेको सार्वजनिक सडकमा परेको जग्गाको लगतकट्टाको लागि मालपोत नियमावली, २०३६ (५) (ग) अनुसार देहाय बमोजिमको लगतकट्टा समिति गठन गर्नेछ।

क) मालपोत कार्यालय प्रमुख - संयोजक

ख) नापी कार्यालय प्रमुख - सदस्य

ग) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको सदस्य - सदस्य

**<u>४. समितिको काम, कर्तव्य र अधिकारः</u>** क) सार्वजनिक सडकमा परेको जग्गाको लगतकट्टाको लागि वडा कार्यालयसँग समन्वय गरि १५ दिनको समय राखी सार्वजनिक सूचना आव्हान गर्ने।

ख) सार्वजनिक सूचना गाउँपालिकाको वेबसाइट, स्थानीय रेडियो, पत्रपत्रिका, वडाकार्यालय, सम्बन्धित क्षेत्रको घर-घरमा टाँसिने।

ग) स्वैच्छिक रुपमा जग्गादान गर्नेहरूले एकल वा संयुक्त रुपमा तोकिए बमोजिमको ढाँचामा निवेदन दर्ता गराउनुपर्ने।

घ) समितिमा प्राप्त निवेदनमा विवाद रहे/नरहेको, बैंकमा धितो रहे/नरहेको, गुठीको जग्गा रहे/नरहेको बारेमा एकिन गर्नेछ।

ङ) तोकिए बमोजिम कागजपत्र पूरा भएपछि समितिले सिफारिस सहित मालपोत कार्यालयमा बुझाउँनेछ।

च) लगत कट्टा भएपछि सोको तथ्याङ्क राख्ने र सम्बन्धित सरोकारवालालाई जानकारी गराउने।

छ) सार्वजनिक सडकमा परेको जग्गा दान गर्नेलाई गाउँपालिकाले सम्मान-पत्र प्रदान गर्ने।

**५. निवेदन दर्ता गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः** निजी जग्गाको लगतकट्टा गर्दा देहाय अनुसारको कागजपत्र संलग्न गर्नुपर्नेछ।

क) सम्बन्धित जग्गा धनी प्रमाण पुर्जा ......................१

ख) दानपत्र (अनुसूची १ बमोजिम) ..........................१

ग) नागरिकताको फोटोकपी ..................................१

घ) कर तिरेको रसिद ..........................................१

ङ) जग्गाको नापी नक्सा ......................................१

६. **सार्वजनिक सडकको नापजाँच**: सार्वजनिक सडकको नापजाँच गर्दा गाउँपालिकाले कृषि सडक, कच्ची सडक, पक्की सडकको सम्बन्धमा तोकिएको मापदण्डको आधारमा गरिनेछ।

७. **कर्मचारी व्यवस्थापनः** गाउँपालिकाले सार्वजनिक सडकमा परेको जग्गाको नापजाँचको लागि आवश्यकता अनुसार जिल्लामा रहेको नापी कार्यालयबाट सहयोग लिइ वा गाउँपालिकाले आवश्यकता अनुसार आफैं प्राविधिक वा अन्य कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ।

८. **सरोकारवालाहरूको सहयोगः** गाउँपालिकाले सार्वजनिक सडकको लगतकट्टा प्रकृयालाई प्रभावकारी बनाउन समन्वय र सहजिकरणको लागि अन्य बिज्ञ तथा सरोकारवाला संघ संस्थासँग साझेदारी गर्न सक्नेछ।

९. **राजस्व छुट सम्बन्धमाः** कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको कुनै पनि निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले कुनै माध्यमबाट आफ्नो स्वामित्वमा लिएमा सो बापत

रजिष्ट्रेसन शुल्क वा घर जग्गा तथा अन्य रजिष्टेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन भन्ने उल्लेख भएकोले सार्वजनिक सडकमा परेको जग्गा हाल-साविक गर्दा जग्गाधनीबाट कुनै पनि शुल्क लिइने छैन।

१०. **<u>गुनासो व्यवस्थापन समितिको गठनः</u>** सार्वजनिक सडकमा परेको जग्गाको लगत कट्टा सम्बन्धि गुनासो सुनुवाई गर्न निम्न तीन सदस्य रहेको गुनासो ब्यवस्थापन समिति गठन गरिनेछ।

क) गाउँपालिका प्रमुख - संयोजक

ख) गाउँपालिका अध्यक्षले तोकेको प्रतिनिधि - सदस्य

ग) सम्बन्धित वडाको वडाध्यक्ष - सदस्य

११. **<u>गुनासो व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>**

क) सार्वजनिक सडकमा परेको जग्गाको सम्बन्धमा आएको लिखित गुनासोको अभिलेख राख्ने।

ख) आएका गुनासो उपर छलफल गरी विकल्प सहित मूल समितिलाई सुझाव दिने।

## परिच्छेद ३
## विविध

१२. **<u>विविधः</u>** क) आवश्यकता अनुसार मालपोत कार्यालय र नापी कार्यालयले स्थलगत निरीक्षण गर्न सक्नेछ।

१३. **<u>कार्यविधिमा परिमार्जन तथा संशोधनः</u>** क) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै समस्या देखिएमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सकिनेछ।

ख) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ ।

## अनूसूची १

## जग्गाधनीले समिति समक्ष दिने निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,
लगत कट्टा समिति,
थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु।

विषयः लगत कट्टा गरिदिनुहुन।

महोदय,

मेरो नाममा रहेको कि.नं. .... क्षे.फ. ...... को तपसिल बमोजिमको विवरण रहेको जग्गा बाटामा परेको र उक्त जग्गाको पनि तिरो तिरी रहनुपरेकोले म श्री .....................................लगायत सम्पूर्ण मेरा घरपरिवारको सरसल्लाहबाट सहमत भई सडकमा परेको जग्गाको लगत कट्टा गरिदिनुहुन अनुरोध गर्दछु।

| क्र.सं. | जग्गाधनीको नाम थर | कि.नं. | क्षेत्रफल | वडा नं | कुन सडकमा परेको हो | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

निवेदकः
नामः
ना.प्र.नं.ः
अन्य साक्षीः
नामः
ना.प्र.नं.ः

आज्ञाले,
प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत